# मरिण गाउँपालीका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
**बागमती प्रदेश, नेपाल**

मरिण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कपिलाकोट, सिन्धुली बागमती प्रदेश, नेपाल २०७३

## जग्गा भाडामा लगाउने सम्बन्धी सिलवन्दी निवेदन आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७।०९।७)

मरिण गाउँ कार्यपालिकाको मिति २०७७।०९।०५ को वैठकले गाउँपालिकाको स्वामित्वमा रहेको कपिलाकोट आयुर्वेद औषधालयको नाममा रहेको मरिण गाउँपालिका वडा नं ६ स्थित २ कठ्ठा जग्गा १० वर्षको लागि भाडामा लगाउने निर्णय गरेकोले इच्छुक व्यक्ति वा संस्थाले निम्न वमोजिम शर्तको अधिनमा रहि प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलवन्दी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

निम्नः

| सि . नं. | ठेक्का नं. | बोलपत्रको नाम | न्यूनतम कबोल रकम (मासिक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|
| १ | ६/०७७-७८ | आन्तरिक आय व्यवस्था (कपिलाकोट आयुर्वेद औषधालयको जग्गा भाडामा दिने) | १०,०००।– (दश हजार मात्र) | मासिक कवोल रकम वमोजिम १ महिनाको रकम | १०००।– |

<u>शर्तहरुः</u>

१. इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशन भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र निम्न कागजात सहित रु १००० दस्तुर (फिर्ता नहुने गरी) वुझाइ ठेक्का सम्वन्धी कागजात खरिद गर्न सक्नेछ ।

निम्नः

क. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र

ख. संस्थाको हकमा नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व .२०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

बिनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

# मरिण गाउँपालीका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
**बागमती प्रदेश, नेपाल**

२. इच्छुक व्यक्ति वा संस्थाले सूचना प्रकाशन भएको १६ औ दिनको १२ वजे भित्र ठेक्का सम्वन्धी कागजात भरी सम्बन्धित व्यक्ति वा फर्मले प्रत्येक पानामा सहिछाप गरि कार्यालयमा पेश गर्नु पर्नेछ ।त्यसरी पेश हुन आएका ठेक्का सम्वन्धी कागजात १६ औ दिनको २ वजे वजे कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहरबरमा गाउँपालिकाको कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

४. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. आफुले कबोल गरेको मासिक भाडा रकम वरावर धरौटी रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, कपिलाकोट, सिन्धुलीमा रहेको धरौटी खाता नं १५३०१००३०३००००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर समेत पेश गर्नु पर्नेछ ।

६. सम्झौता गर्नु अघि ६ महिनाको भाडा अग्रिम भुक्तानी गर्नु पर्नेछ । उक्त अवधि पश्चात मासिक कवोल रकम ठेकेदारले प्रत्येक महिनाको मसान्त भित्र भुक्तानी गरिसक्नु पर्नेछ ।

७. कवोल अङ्कको भाडा दरमा वार्षिक १० प्रतिशतका दरले भाडा वृद्धि हुनेछ ।

२०७७/६/६

बिनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत